सियारी गाउँपालिका
Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office Of Rural Municipal Executive**

हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi

लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

च.नं./Ref No. :
प.सं./Dispatch No. : २०७९/०८०

## नदीजन्य पदार्थको उत्खन्न तथा बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/११/१९)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क, र यस सियारी गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा ०७, संघीय सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, सियारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७८, लुम्विनी प्रदेशको नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि,२०७५ तथा गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् ब्यवस्थापन तथा नियमन कार्यविधि,२०७७ समेतको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सियारी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी सूचना प्रकाशन भयको मितिले १५ दिन भित्र खरिद गरि १६ औ दिन दिनको १२ बजे सम्म पेस गर्ने गरि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | आय ठेक्कानं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ०८-०७९/०८० | तिनाउ नदी सितापुर घाट वडा नं ३ | ३४०९४२.४५ | ४४३२२५१.८५ | कबोल अंकको ५% | ३००० |
| २ | ०९-०७९/०८० | तिनाउ नदी कौवा घाट वडा नं १ | ३७७९२२.१८ | ४९१२९८८.३४ | कबोल अंकको ५% | ३००० |
| ३ | १०-०७९/०८० | दान नदी कचकचहवा घाट वडा नं ४ | ३१७८३२ | ३४९६१५२ | कबोल अंकको ५% | ३००० |
| ४ | ११-०७९/०८० | दानव नदी छपिया(दयानगर)घाट वडा नं ४ | ८४२८९०.४६ | ९२७१७९५.०६ | कबोल अंकको ५% | ३००० |
| ५ | १२-०७९/०८० | दान नदी धमसार घाट वडा नं ४ | ८१५७६८.८० | ८९७३४५६.८० | कबोल अंकको ५% | ३००० |

शर्तहरु :

१. कवोल रकमको पाचैं प्रतिशत रकम गाउँपालिकाको एन. आई. सि. एसिया बैंकमा रहेको ग ३.१ स्थानीय तह धरौटी खाता ०९३२०५००१४९४१०१२ मा दखिला गरेको सक्कलै बैक भैचर पेश गर्नु पर्ने छ ।

२. वोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय सुचना प्रकाशन भएको मितिले १५ औ दिन २०७९।१२।०२ गते कार्यालय समय भित्र ।

३. वोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय सुचना प्रकाशन भएको मितिले १६ औ दिन २०७९।१२।०३ गते दिनको १२ बजे भित्र ।

४. वोलपत्र फारम खोलिने मिति समय र स्थान सुचना प्रकाशन भएको मितिले १६ औ दिन २०७९।१२।०३ गते दिनके २ बजे सियारी गाउँपालिकाको कार्यालय।

अन्य जानकारी तथा शर्तहरु बोलपत्र फाराम साथ प्राप्त हुने छ र गाउँ कार्यपालिकाको सूचना पाटी तथा बेवसाईड www.siyarimun.gov.np बाट जानकारी लिन सकिने छ ।

रोमनि थापा
प्रमुख प्रशासकीय अधिकृत

## अन्य शर्तहरु

१. ठेक्का अवधी २०७९ सालको सम्झौता मिति देखि २०८० सालको जेष्ठ १५ सम्म हुनेछ ।

२. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ ।

३. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर. दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

४. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस सियारी गाउँपालिकाको कार्यालय, हर्नैया, रुपन्देहीको नाममा रहेको **एन.आई.सि. एसिया बैंक लि. सियारी काउन्टरमा , ०९३२०५२२१४९४१०१२ धरौटी खातामा रकम जम्मा** गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा ९० (नब्बे दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकमको ५० प्रतिशत र सो मा लाग्ने सम्पुर्ण कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्नु पर्ने छ र बाकी रकमको लागि नेपाल नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंक बाट यस कार्यालयको नाममा वि.स. २०८० साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैङ्क ग्यारेन्टी( परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्ने छ ।साथै बोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अङ्क सेवा शुल्क वापत हुन आउने रकमको नियमअनुसार थप १३ प्रतिशत भ्याट र १.५ प्रतिशत टि.डि.एस रकम समेत यस कार्यालयमा बुझाउनुपर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्ने छ ।

६. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम रु. ३००० (फिर्ता नहुने गरी) यस कार्यालयको **एन.आई.सि.एसियाबैंक लि. सियारी काउन्टरमा रहेको आन्तरिक राजस्व खाता नं ०९३२०५००१४९४१०१३** नगद जम्मा गरेको भौचर वा कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

७. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सर्वजनिक बिदा परेमा सोको भोलिपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ, साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन ।

१०. बोलपत्रदाता नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको कार्यालयले समय समयमा दिइएको निर्देशनको पालन गर्नुपर्नेछ । साथै कार्यालय तथा बोलपत्रदाता बिच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

सियारी गाउँपालिका
Siyari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi
लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

च.नं./Ref No. :
प.सं./Dispatch No. : २०७९/०८०

११. प्रचलित नियमानुसार कालोसूचिमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्र कुनै कार्यवाही हुने छैन ।

१२. गाउँपालिका कार्यालय सियारी रुपन्देहीले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नुपर्नेछ ।कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाहि गरिनेछ

१३. बोलपत्रदाताले ठेक्का सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनहाको लागी दाबी गर्न पाईने छैन ।

१४. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग खेती योग्य जमिनमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन ।

१५. खोलाको भण्डारण स्थलहरुमा सम्पुर्ण जानकारी सहितको सूचना पार्टी (साईनवोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारबालाहरले देखे गरि आफ्नै खर्चमा राख्नु पर्नेछ । संकलनको काम गर्न कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१६. ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन गर्दा प्रचलित ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन, संकलन ,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधिको पालना गर्नु पर्नेछ ।

१७. घाटगद्धीको व्यवस्था नभएकोले उत्खनन गरेको नदीजन्य पदार्थ सिधै विक्रि गर्न सकिने छ र सिधै विक्रि गर्दा विक्रि रसिद ढुवानी साधनसाथ अनिवार्य हुनु पर्नेछ । सिधै विक्रि गर्ने अवस्था नभई नदिजन्य पदार्ग भण्डारण गर्नु परेमा नदीको पश्चिम तर्फ बेथरी वेलवास सडक खण्डको पश्चिम १०० मिटर भन्दा टाढा आफ्नो निजले जग्गा वा लिजमा लिएको जग्गामा भण्डारण गर्न सकिनेछ र नदीको पूर्वतर्फ १ कि.मि. पूर्व मात्र भण्डारण गर्न सकिनेछ मापदण्ड भन्दा भित्रको नदीजन्य पदार्थ जुनसुकै बेला गाउँपालिकाले जफत गर्न सक्ने /भण्डारण गर्न लैजानु पर्ने ढुवानीमा भण्डार गर्ने रसिद अनिवार्य साथै हुन पर्ने ।

१८. नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री गरी ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी निकाल्न पाईने छैन ।

१९. भिजेको नदिजन्य पदार्थ ढुवानिमा पूर्ण रोक लगाउनुपर्नेछ ।सथै ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२०. ठेकेदारले उत्खनन क्षेत्रमा फोहर मैलाको व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२१. ठेकेदारले कामदारका लागी प्राथमिक उपचारका सथै माक्स, हेल्मेट आदिको व्यवस्था मिलाउनु पर्नेछ ।

२२. ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिर्वाय रुपमा पेश गर्नुपर्ने छ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएको अर्धकट्टी नगदि रसिद पनि फिर्ता गर्नुपर्ने छ ।साथै आम्दानी खर्च रजिष्टार अध्यावधिक गरी राख्नुपर्ने छ ।

२३. ठेकेदारले नदी जन्य पदार्थ संकलन उत्खनन हुने भण्डारण स्थल सम्बन्धी खर्चहरु स्वंय आफैले ब्यहोनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सियारी गाउँपालिका
Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of Rural Municipal Executive

हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi

लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

च.नं./Ref No. :
प.सं./Dispatch No. : २०७९/०८०

२४. विहान सुर्यदय भन्दा अगाडी र साझँ सुर्यास्त भन्दा पछी उत्खनन स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरीत गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाहि गरिनेछ ।

२५. नदिजन्य पदार्थ संकलन गर्ने जिम्मेवारी हस्तान्तरण गर्नु अगाडी जुन नदि/खोलाको जुन स्थानबाट संकला गर्नेगरी स्विकृत भएको हो, सोही नदि खोलाहरुको सोही स्थान प्राविधिकबाट एकिन गराई/, तोकिएको परिणाम भन्दा बढी नदिजन्य पदार्थ निकासी हुन नपाउने व्यवस्था गर्नुपर्ने छ ।

२६. तोकिएको स्थानको लम्बाई र उचाई खुल्ने रेफरेन्स प्वाइन्टको चीनो लगाएको मुचुलका तयार गरेपछी कार्य सुरु हुनेछ ।

२७. यस सुचनामा उल्लेख भएका शर्तहरु लगाएत यस गाउँकार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिनेछन।

२८. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७९ (IEE) का प्रावधानहरुको ब्यवस्था गर्ने अधिकार सियारी गाउँपालिकामा सुरक्षीत रहनेछ ।

२९. यस सुचनामा उल्लेख भएको विषय यसै सुचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम, प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७९ र संघिय र प्रदेश कार्यविधि वमोजिम हुनेछ ।

३०. यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्म संस्थाले यस गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७७ (IEE) , सियारी गाउँपालिकाको आर्थिक ऐन २०७५, ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन, संकलन ,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यवस्थित गर्ने कार्यविधि, स्थानिय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य सम्बन्धीत कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत